# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०४/०६

चौथो अधिवेशन

(३०औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको ३०औं बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

२. **माननीय सदस्यहरू,**

अब विशेष समय शुरु हुन्छ।

३. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्न विशेष समय माग भई आएकोले माननीय दिर्घ बहादुर सोडारी र माननीय पूर्णा जोशीलाई विशेष समय प्रदान गरेको छु।

सर्व प्रथम माननीय दिर्घ बहादुर सोडारीलाई समय दिन्छु।

**माननीय दिर्घ बहादुर सोडारी**

सभामुख महोदय, आज श्रावण ६ गते । आज नेपाली राजनितिका निम्ति एउटा महत्वपूर्ण व्यक्तित्व विशेश्वर प्रसाद कोइरालाको जन्म भएको दिन । भोली ७ गते नेपाली राजनितिका अर्का र नेपाली राजनीतिलाइ यो कोर्शमा ल्याइपुर्याउने पुष्पलालको जन्म दिन भएकोले यो महत्वपूर्ण दिनमा म वाहाहरु दुइटै विश्वेश्वर प्रसाद कोइराला र पुष्पलाललाइ सम्झन चाहान्छु । वाहाप्रति श्रदा समर्पण गर्न चाहान्छु । वाहाहरुले देखाएको बाटो मुलुको समृद्धीको बाटो मुलुकको समाजवादको बाटो र अगाडी बढ्ने बाटोमा हामी लागिरहने प्रण पनि गर्न चाहान्छौं । वाहाहरुलाइ सम्झिरहदा अस्ती मात्रै राती कैलाली जिल्लाको एउटा आशालाग्दो भरोसालाग्दो हाम्रो नेता फुलराम चौधरी श्रोत उपनामले पनि चिनिनुहुन्थ्यो । वाहाको देहावसान भएको छ । अशामयिक निधन भएको छ । वाहालाइ म हार्दिकतापूर्वक श्रद्धान्जली दिन चाहान्छु । आज बिहान मात्रै वाहाको सदगद भएको छ । वाहाका परिवारजन प्रति र नेपाल कम्युनिष्ट पाटी खासगरी वाहाको कार्यक्षेत्र टिकापुर र यो जिल्लाभरी सबै क्षेत्रमा काम गर्नुभएको कम्रेट फुलरामलाइ म हार्दिक श्रद्धान्जली दिन चाहान्छु । मिडियामा खासगरी संचार क्षेत्रमा केही समाचारहरु बनिरहेका छन् । त्यो मेरो आफ्नो निर्वाचन क्षेत्रसँग पनि सम्बन्धित छ र हरैयाकाण्डका नामले खुबै प्रचार पनि पाइरहेको छ । के हो त्यो घटना त्यसलाइ कसरी अगाडी बढाइदैछ । त्यसमा फेरी हाम्रो पाटीका नेता लेखराज भट्ट घुमाइफिरिइ वाहालाइ जोड्ने प्रयत्न पनि गरिरहेको पाइरहेको छु । युद्ध र युद्ध पछि शान्ति शान्ति सम्झौता र त्यसलाइ अगाडी लैजाने तरिका हामी धेरै लामो समयपछि नेपाली राजनीतिमा जुन अघि मैले नाम लिरहेका व्यक्तित्वहरु जसले नेपालको लोकतान्त्रिक Process लाइ देशको देशभक्ति Process लाइ अगाडी ल्याए । र नेपालको पछिल्लोचोटी

जनयुद्ध सशस्त्र युद्ध यसका धेरै खाल्डाखुल्डीहरु परे । त्यसै शिलशिलामा दाङका एकजना उद्योगपति रण बहादुर शाहले चिनि उद्योग संचालनार्थ हरैयामा करिब २४ बिगाहा जमिन वाहाले किन्नु भयो । खासगरी महेन्द्रराजमार्गमा जोडिएको महत्वपूर्ण क्षेत्रमा वाहाले जमिन किन्नुभयो र जमिनको निम्ति धेरै पछि अर्को एउटा कम्पनी खासगरी विमल बस्न्यात र शोभागय हायजिङ प्रालिका नामबाट वाहाको श्रमती छोरीहरु भावना बस्याल सुप्रिया बस्याल सिलपिया बस्यालका नाममा यो सबै जमिनहरु वाहाले किन्नु भो । हाम्रो संविधानको धारा खण्ड ३ को धारा २५ के भन्छ भने हामीले ल्याएको लोकतन्त्र हामीले ल्याएको गणतन्त्रमा सबैभन्दा ठुलो चिज भनेको व्यक्तिगत सम्पत्ति राख्ने अधिकार हो । खासगरी हिजो एकखाले Classical कम्युनिष्टहरु लोकतान्त्रिक गणतन्त्रलाइ स्वीकार्ने त्यो ढंगको आदर्श मान्नेहरुका निम्ति व्यक्तिगत सम्पति र व्यक्तिगत स्वतन्त्रता सबैभन्दा ठुलो कुरा हो र नेपालको युद्धको बेलामा यो कुरा युद्धसँगै व्यक्तिगत सम्पत्ति र व्यक्तिगत अधिकारको कुरालाइ एकखाले हरण गरियो राज्यका तर्फबाट पनि र सशस्त्र समूहका तर्फबाट पनि । त्यो कोषलाइ बदलेर हामी प्रदेश सभामा गरिमामय प्रदेश सभा गरिमामय संसदहरु गरिमामय स्थानीय तहका सरकारहरु मार्फत नेपालको संविधानलाइ निसंकोछ हामी अनुसरण गरेर कार्यान्वयन अगाडी बढिरहेका छौं त्यसैले व्यक्तिगत सम्पत्ति धारा २५ को उपधारा १ र उपधारा २,३,४,५ मा भएका व्यवस्था अनुसार व्यक्तिगत सम्पत्ति किनबेच गर्न पाउने अगाडी बढ्ने व्यवसाय गर्न त्यो मौलिक अधिकार भित्र पर्छ र हाम्रो लोकतन्त्रको सबभन्दा ठुलो चिज पनि त्यै हो । त्यो चिज युद्धकालीन अवस्थामा रहेन र त्यसको धनधडी पछिसम्म रह्यो । तर हरियामा जुन ढंगले ६१ सालमा जग्गा कब्जा गरिएको हो त्यो ६१ सालमा जग्गा कब्जा गरिएको अवस्था छैन । तपाइहरुलाइ थाहा छ म विगत २६ वर्षदेखी धनगढी मै पेरिफेरीमा छु । र तपाइलाइ थाहा छ त्यो बेलापनि एउटा पाटीको नेतृत्वको अवस्था कस्तो थियो । त्यो अवस्था थियो । ६२/६३ सालको आन्दोलन, आन्दोलन लगतै जसरी ६३ को बाढी पहिरो र तपाइहरुलाइ थाहा छ गोरुगेमा ठुलो तत्कालीन अवस्थामा माधव कुमार नेपाल प्रधानमन्त्री गृहमन्त्री भिम रावल हुँदा ठुलो मात्रामा बसेका सुकुम्बासीलाइ हटाउने काम भयो । मानवीय क्षति पनि भयो र त्यो पेरिफेरीमै हरैयामा जग्गामा रण बहादुर शाहको जग्गामा सुकुम्बासीहरु बसे र अहिले खास गरी सोभाग्य हाउजिङ प्रालि र त्यसका मालिक बिमल बस्न्यात र त्यसका पाट्नर शंकर कार्की र साविक माओवादीसँग संलग्न एक जना गौरी जोशी हाम्रो यहाको स्थानीय मान्छे हुनुहुन्छ सुखड निवासी हुनुहुन्छ । गौरीजोशीको नाममा रण बहादुर शाहले जग्गाको कारोबार गर्ने अख्तियारी दियो र जग्गा किनबेच कारोबार अगाडी बढ्यो । उनिहरुलाइ त्यसबाट खासगरी सुकुम्बासीहरुलाइ व्यवस्था गर्नका निम्ति सुकुम्बासीहरुको व्यवस्थापन गर्ने काम राज्यको हो सरकारको छ । हामीकहाँ प्रदेश सरकार छ स्थानीय तहका सरकार छन् । खास गरी उनीहरुका काम संघीय सरकारको छ । सरकारको दायित्व छ । तर त्यो समूहले आफ्नो पनि दायित्व बुझेर तिन बिगाहा जग्गा गोरुजुगेमा किनेर सुकुम्बासीहरुलाइ त्यहाँबसोबास गर्ने व्यवस्था मिलायो र अहिले पछिल्लो चोटी के चलिरहेको छ भने यो आज किन लफडा भइरहेको छ । संचार माध्यमले आफ्नो ढंगले अगाडी बढाइरहेको छ र विमल बस्न्यात कैलाली जिल्ला अदालतमा गए । कैलाली जिल्ला अदालतले एउटा फेसला गर्यो । स्टे अडर गर्यो र त्यहाँ कुनै निर्माणका निजहरु नगर्न नगराउनका निम्ति आदेश जारी गरेको छ । त्यो नगर्न नगराउनका निम्ति आदेश गरिसकेपछि अहिले त्यो समुहले आफ्नो जग्गा खाली गराउने कुरा अगाडी बढाएको छ । र सुकुम्बासीहरुको अवस्था केही सुकुम्बासीहरु छन् र सुकुम्बासीहरुसँगै हिजोको जो युद्धकालको राजनीतिलाइ युद्धअर्थतन्त्र अहिले युद्धअर्थतन्त्रको अवस्था छैन नेपालमा । त्यो ढंगले ब्लायाकमेलिङ गरेर पैसा लिनेसँग

सम्बन्धित भन्दा बाहेक यहाँ अर्को कुरा देखिदैन । हुनत हामीले भनिरहेका छौं । मुलुक समाजवाद उन्मुख छ संविधानमा लेख्या छौं । हामी समाजवादको बाटोमा जाने कुरा गर्दैछौं । विडम्बना जग्गामा दलालीदेखी सबै ठाउमा दलाली देखिनै रहेका छौं चलिनै रहेको छ तर राज्यले सरकारले यो सबै कुराहरुलाइ व्यवस्थापन गर्नुपर्ने छ र ऐलानी प्रति जग्गामा खासगरी ऐलानी जग्गाको अर्थ राजाले ऐलान घोषणा गरेको कारणले ऐलानी प्रति जग्गा भयो । ऐलानी प्रति जग्गा जहाँ भनिदैछ १ कट्टा १ विगाहा ७ कट्टा त्यो रण बहादुर शाहले किनबेच गरेको जग्गाभित्र पर्दैन । त्यो जग्गा अरु कुनै मान्छेहरुले कमाइरहेको अवस्था देखिन्छ । अरु मान्छेहरुले कमाइरहेको अवस्थालाइ खोसेर अर्को मान्छेलाइ दिन सरकारले सक्छ कि सक्दैन । त्यो त नीति बनाएर गर्नुपर्ने होला । यस्तो कुरामा जे हामी गरिरहेका छौं र अहिले अदालतले निर्णय गरिसकेपछि जुन ढंगले सुकुम्बासीहरुलाइ हटाउने प्रयत्न हुँदैछ । स्वभावतः अदालतले फैसला गरेपछि व्यक्तिको नीजि सम्पत्ति हटाउनुपर्नेछ । तर उनीहरुलाइ पनि यस्तो वर्षादको समयमा त्यो ध्यान दिनु आवश्यक छ । सरकारले त्यसप्रति गम्भिर ध्यान दियोस र जुन ढंगले व्यक्तिको निजि सम्पत्तिलाइ यसरी कब्जा गर्ने र यसरी Occupy गर्ने कुरा जो छ त्यो निन्दनीय छ । यो ढंगले अगाडी जानेहो भने राज्य हिजो कमजोर राज्यको अवस्था छ । अब अहिले राज्य कमजोर छैन । राज्य आफ्नो Law and Order लाइ Maintain गर्नुपर्छ । यदि राज्यले Law and Order लाइ Maintain गर्न सक्दैन भने त्यो राज्य Fail हुन्छ । हामीले बनाएको संविधान फेल हुन्छ । हामीले ल्याएका मौलिक अधिकारहरु कमजोर हुन्छन् र हामी फेरी गुण्डाराजको अवस्थामा जाने खतरा देखिन्छ । यतापट्टी सबैको ध्यानाकर्षण होस भन्ने राख्न चाहान्छु । र मैले यो जग्गाको कुरा अगाडी बढाइरहदा खास गरी कैलाली कंचनपुरका आखाबाट हेरिरहदा खासगरी संघीय संसदमा भूमिसुधार मन्त्रालयले एउटा विधेयक ल्याउदै छ भूमी सम्बन्धी आठौं संशोधन गर्न बनेको विधेयक त्यो विधेयकमा कति गन्भिर कुरा आउदैछ भन्नुहुन्छ भने मेरो नगरपालिका गौरिगंगा नगरपालिका घर भएको नगरपालिका अस्तीमात्र त्यहाँको विवरण हेर्दै थिएँ ६०प्रतिशत जनता ऐलानी प्रतिमा बसिरहेका छन् । ४० प्रतिशत मात्रै जनता नम्मरी जग्गामा भएको अवस्था छ र यो अवस्था गौरिगंगाको मात्रै छैन । कैलालीको अवस्था र ओभरअल कंचनपुरको अवस्थामा ६० प्रतिशत जनताहरु यहाँ ऐलानी प्रतिमा बसिरहेको अवस्था देखिन्छ । अहिले हामीले ल्याएको भूमिसम्बन्धी आठौं संशोधन विधेयकमा २५ प्रतिशत रकम लिएर यसको नाममा लिने त्यो पनि ५ कट्टा भन्दा बढी नदिने जो कुरा ल्याएको छ । अरु ठाउका निम्ति अरु ढंगको कुरा होला । कैलाली कंचनपुरमा यसतो कुरा ल्यायो भने यो गम्भिर आपत्तिको कुरा हुनेछ । सरकारले हाम्रै आफ्नो सकर्थक माथिदेखी तलसम्मको सरकारले फेरी यो गुठी विधेयक जस्तै ठेक्नै नसकिने सम्भावना देखिन्छ । त्यसै कारणले म प्रदेश सभामार्फत संघीय संसद सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहान्छु । र मनमोहन अधिकारी नेपालको इतिहासको एउटा कलपना गर्नसक्ने जस्ले धेरै काम गर्यो आफ्नो ९ महिनामा । उनको पालामा जुन ढंगले ५ प्रतिशत रकम राजश्व लिएर र १०/१० कट्टा जग्गा सुकुम्बासीहरुलाइ दिएको हामीहरुलाइ अनुभव छ । अहिलेको अवस्थामा पनि हामी के अनुरोध गर्न चाहान्छु भने कमसेकम ५ प्रतिशत रकम लिएर सबै जमिन कमसेकम डेड विगाहा भन्दा त जमिन दिनुपर्छ । यो ५ कट्टा ७ कट्टा दिएर साध्य हुँदैन । त्यो आठौं संशोधनमा यो कुरा नपर्ने हो भने भोली कैलाली कंचनपुर र हामीले ल्याएको यो संशोधन काम लाग्ने छैन । खासगरी यो संघीय संसदमा आइरहेका कारणले हाम्रो गम्भिर सरोकारको विषय खास गरी कैलाली कंचनपुरको गम्भिर सरोकारको विषय भएको कारणले यो कुरा यहाँ हाम्रो संसद मार्फत सबै मिडिया मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यसतो

विधेयकलाइ संशोधन गरेर परिमार्जन गरेर कमसेकम ५ प्रतिशत रकम मात्र लागु हुने र बढीमा डेड विगाहासम्म जग्गा दिने व्यवस्था गर्न सकिएन भने यो हाम्रा निम्ति घातक हुन्छ भन्ने कुरा राख्न चाहान्छु र भूमिको व्यवस्थासँग सम्बन्धित अरु धेरै कुराहरु खासगरी हाम्रो भूमि व्यवस्था तथा सहकारी मन्त्री यही हुनुहुन्छ यो छिटो व्यवस्थापन गरेर कैलाली कंचनपुरमा अव्यवस्थित रुपमा बसोबास भएका मन्छेहरुलाइ जमिन उपलब्ध गराउनुपर्छ । लालपूर्जा दिनुपर्नेछ । खासगरी ऐलानीको कुरा गर्नेहो भने अहिले हामी भइरहेको धनगढी उपमहानगरपालिकामा यो धेरै क्षेत्र छ । यो नगर विकास समितिले केही जमिन दियो । अहिलेपनि ठुलो ऐलानी प्रति जमिन छ । अतरिया बजारको कुरा गर्नेहो भने धेरै त्यसको आधा भन्दा बढी जमिन ऐलानी प्रतिमा छ । त्यो भन्दा अगाडी चौमाला ऐलानीप्रतिमा छ । मसुरिया ऐलानीप्रतिमा छ पहलमानपुर ऐलानीप्रति छ । सुखड बजार बौनिया बजार पुरै ऐलानीप्रति छ । लम्कीको पूर्वपट्टी सप्पै ऐलानी छ चिसापानी ऐलानी छ । यहाँ देखिने सबै सहरहरु ऐलानीप्रतिहरु मात्रै छ । त्यै भएर यो सबै व्यवस्थापन गरेर खासगरी हाम्रो बादी समुदायका दाजुभाइहरु आउनुभएको छ । राजिसमुदायका हुनुहुन्छ । अल्पसंख्यक जातीजनजाती सबैलाइ व्यवस्थापन गरेर जमिनको अधिकार व्यवस्थापन गर्नुपर्नेछ । उनीहरुलाइ लालपूर्जा दिने व्यवस्था गर्नुपर्नेछ । यति कुरा हामी गर्न सकेनौं भने हामीलाइ दिएको जनताको समर्थन सधैं नहुनसक्ने सम्भावना देख्दछु । यो काममा नेपाल सरकार र हाम्रो प्रदेश सरकारको  गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु र शान्ति सुरक्षाको मामलामा अस्तिमात्रै एउटा घटना घट्यो हाम्रो धनगढीमा बम पट्केर एकजना दिल बहादुर सिंहको हत्या भयो मृत्यु भयो असामयिक निधन भो होटलमा अरु मान्छेहरु घाइते छन् । खासगरी त्यसमा विपलब माओवादीसँग नजिकका कार्यकर्ता भएको कुरा सुनिनमा आएको छ । त्यो कुरा आएको छ । जे सुकै भएपनि हाम्रो सरकारले खासगरी हाम्रो राजधानीमा धनगढीभित्र यस्तो ढंगको घटनालाइ लिएर सरकारले गम्भिरता ढंगले शान्तिसुरक्षामा ध्यान पुर्याउनुपर्नेछ । मृतकहरु प्रति श्रद्धासुमन छ र यस्तो घटनाप्रति शान्ति सुरक्षा अमनचयन प्रति सरकारको विशेष ध्यान जाओस भन्ने कुरा राख्न चाहान्छु धन्यवाद ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय, सर्वप्रथम आज श्रावण ६ गते नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर पुरुष नेपाली कांग्रेसका संस्थापक नेता स्वर्गीय विशेश्वर प्रसाद कोइरालाको स्मृति दिवस र भोली श्रावण ७ गते नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक महासचिव कम्रेट पुष्पलाल श्रेष्ठको स्मृति दिवस यी दुइटै महान व्यक्तित्वहरुको जन्मजयन्तीको अवसरमा दुवै नेताहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । विगत केही दिन देखी कैलालीको गौरिगंगा नगरपालिका अन्तरगत हरैया क्षेत्र अत्यन्तै तनावग्रस्त त्रसित छ । पूर्ववक्ता माननीय दिर्घ सोडारीले कुरा राखिसक्नुभएको छ । घटना कसरी निम्तियो भन्ने खालको कुराहरु एकातर्फ छ भने वर्तमानमा वर्षातमा भएको कारणले गर्दाखेरी टन्टलापुर घाम छ । त्यो क्षेत्रमा बसोबास गर्ने भूमिहिनहरु कमैयाहरु को हुन् त्यो एउटा निश्चित जग्गा ओगटेर घर टहरा बनाएका मान्छेहरु दिनानुदिन समूहको आक्रमणबाट प्रताणित छन् । राज्य छ सरकार छ स्थानीय तह छ । तिन तहका सरकारहरु छन् । व्यक्तिले अन्याय गर्छ भने तिनिहरुलाइ तह लगाउने कुराहरु विधि छ सबै थोक छ । कानून छ हामीसँग तर ति मान्छे समूहको आक्रमणमा छन् । यतापट्टी मेरो गम्भिर ध्यानाकर्षण भएको छ । यो सभामार्फत प्रदेश सरकार संघीय सरकार र स्थानीय सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । विगत लामो समय सम्म ति हरैयाको एउटा व्यक्तिको रण बहादुर शाहको जग्गामा बसोबास गरिरहेका छन् । व्यक्तिको सम्पत्तिको अधिकार हुन्छ । उसले आफ्नो क्षेत्रमा अथवा आफ्नो भोगचलनको आफ्नो दर्ता भएको जमिनमा अरुलाइ

अनावश्यक रुपले अतिक्रमण गर्न दिनुहुँदैन । त्यो अन्यायपूर्ण छ त्यो आफ्नो ठाउमा छ । तर त्यहाँबाट लखेटिसकेपछि उनिहरु जंगलको वरपर अथवा प्रतिजग्गामा उनिहरु बसोबास गर्याछन् । त्यहाँपनि गुण्डागर्दी गरेर मान्छेहरुले उनीहरुलाइ लखेटयाछन् । त्यस कारणले गर्दाखेरी यसतो किसिमको रबैयाको विरुद्धमा मैले यो घरभत्सना पनि गर्न चाहान्छु र यो टन्टलापुर घाममा विशेषगरिकन यो आक्रमणमा खाना खादाखादै सुत्न नपाउदै बच्चा सुतिरहेको अवस्थामा ति लखेटिएका छन् । यसतो किसिमको निन्दनीय कामलाइ प्रदेश सरकारले विशेष गरिकन प्रहरी प्रशासनको ध्यानाकर्षण गर्न चाहान्छु । अर्को कुरा प्रदेशमा राजधानी विशेषगरीकन प्रचण्ड गर्मी छ । १ मिनेट पनि विद्युत गएभने टिक्न सकिने अवस्था छैन । तर लामो समयदेखी हामीले देखिराख्या छौं । विद्युत कटौती अनावश्यक रुपले त्यो पनि विना सूचना विद्युत कटौती भइराख्या छ । विद्युत प्राधिकरणको ध्यानाकर्षण गर्नका लागि मैले विना सूचना गर्नको कारण के हो । विद्युत खपत बढि भएर हो अथवा विद्युत प्राधिकरणको सेवा प्रवाहमा Question हो यो कुरा तत्काल प्रदेश सरकारले यसको जिम्मेवारी लियोस । सम्बन्धित प्राधिकरणमा यसको Inquiry गरोस र विद्युत सेवा सूचरु गरोस भन्ने राख्न चाहान्छु । गत श्रावण २ गते मैले पनि दोहोर्याए श्रावण २ गते निलम होटलमा जुन साँझ नपर्दै मुख्यमन्त्री निवास कार्यालय नजिकै एउटा घटना घटेको छ । यो घटनामा व्यक्त एकजना मरेका छन् । व्यक्ति कुन समूहसँग सम्बद्ध छन् भन्ने कुराहरु एउटा हो । राजधानीको मुटुमा यसता किसिमका घटनाहरु दिनदहाडे घट्नुभनेको आम जनसाधारण मान्छेहरुको शान्तिसुरक्षा अमयचयनसँग बाँच्ने अधिकारको रुपमा एउटा त्रासदी हो भन्ने कुराहरु म राख्न चाहान्छु । त्यस कारणले गर्दाखेरी हामीले पछिल्लो चरण देखिराख्या छौं । कसैको सेवा प्रवाहप्रति Question गर्न खोजेको होइन । हामीले प्रहरी प्रशासनलाइ डिउटी मै रहदाखेरी मोवाइल खेलाइरहेको हामी देख्छौं । यानेर हाम्रो छिमेकी मुलुक चिनमा जानेहो यानेर भारत जानेहो भने डिउटीमा खटिएका मान्छेहरु नितान्त उनीहरु आफ्नो कर्तव्यको मात्रै ध्यानाकर्षण भइराख्या हुन्छन् तर हाम्रो प्रहरी प्रशासन जो डिउटीमा बस्नुपर्ने हो डिउटीमा बस्ने मान्छेहरुको ध्यान तोकिएको जिम्मेवारी भन्दा बाहिर गइरहेको हुन्छ । त्यस कारणले गर्दाखेरी पनि यसता घटना घट्न गएका हुन् भन्ने मलाइ लाग्दछ । त्यस कारणले यकातर्फ डिउटीमा रहेका मान्छेहरुले आफ्नो सम्पादित जिम्मेवारी पुरा गर्न पर्छ भन्ने कुराहरु तोकिएको जिम्मेवारी पुरा गर्नुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । यकातर्फ गम्भिर रुपमा प्रहरी प्रशासनले एउटा निरिक्षण गर्ने कडाइ गर्ने अनी कामको फलोअप गर्ने खालका कामहरु गर्नुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । अर्को कुराहरु प्रदेश अन्तरगतका विकास योजनाहरु वर्षात शुरु भएको छैन । अहिले लामो Continue वर्षात भएको छैन । श्रावणको नजिक हामी छौं । वर्षात त होलानै । अस्ती भर्खरै तिन दिन लगातार पानी पर्दाखेरी बाजुराको बुढीगंगा थुनिएर वरपरका यहाँ अछामको साफेबगरदेखी लिएर डोटी कैलालिका धेरै भुभागहरु डुब्ने भएको थियो । पहाडमा भएका विकास विशेषगरीकन डोजर आतंकका परिणाम त्यहाँका वस्तीहरु डुबान हुनुपर्ने अवस्था थियो । अहिले पनि हामीले त्यो डोजर आतंकलाइ Control गर्न सकेनौं । त्यसको अनुगमन गर्न सकेनौं । के कारणले त्यो भयो भन्ने कुराहरु अनुमान गर्न सकेनौं भने हाम्रा यि किसिमका विकास गतिविधिहरुले भोलि तराइ डुबान निश्चित छ । पहाड बाढी पहिरोले क्षतिग्रस्त हुनेकुराहरु निश्चित छ । त्यसका प्रत्येक मान्छेको मृत्युमा प्रदेश सरकारसँग मुल्य माग्ने राहत माग्ने क्षतिपूर्ति माग्ने कुराहरु त हामी गरौंला । तर यो विकासको परिणाम हामीले गम्भिरतापूर्वक हामीले अहिलेनै गर्नुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु र यो डोजर आतंकलाइ न्यूनीकरण गर्नका लागि यसलाइ आवश्यक परेको ठाउमा मात्र प्रयोग गर्नका लागि प्रदेश सरकारले आ.व. २०७६/७७ लाइ योजनामा कडाइका साथ

लागु गरोस भन्ने कुराहरु राख्न चाहान्छु र अन्त्यमा सामान्य कुरो, कुरो अत्यन्त सामान्य छ हाम्रो व्यवस्थापनले त्यो पुरा हुन सक्छ । हाम्रा धनगढीको एउटा अस्थायी राजधानीको मुटुमा रहेका कुनै पनि सडकमा कहिनेर पनि हामीले जेब्रा क्रसिङको व्यवस्था देख्या छैनौं । हाम्रो प्रदेश सभाको अगाडी जेब्रा क्रसिङको आवश्यकता छ । हस्पिटलको अगाडी जेब्रा क्रसिङको आवश्यकता छ । पहाडबाट गाडी बाटो क्रस गर्न नसक्ने किसिमको चेतना भएका मान्छेहरु हामीले सदरमुकाममा पाउछौं राजधानीमा पाउछौं । त्यस कारणले गर्दाखेरी सामान्य व्यवस्थापनले हुँदैन कार्पेटमा लेखेपनि हुन्छ जेब्रा किसिमका धर्का कोरिदिएर राती पल्टाएर घर लैजाने अथवा छेउमा व्यवस्थापन गर्ने दिउस त्यहाँ ओछ्याउने किसिमको गरेपनि हुन्छ । त्यस कारणले गर्दाखेरी दुर्घटनाबाट बचाउने एउटा सामान्य उपाय जेब्रा क्रसिङको व्यवस्थापन गर्नको लागि प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु र मेरा कुरा यही अन्त्य गर्न चाहान्छु धन्यवाद ।

*(बोली सकेपछि)*

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब, "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथिको कार्यवाही प्रारम्भ हुन्छ ।

**६. माननीय सदस्यहरु,**

"**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भएपश्चात विधायन तथा प्रदेश मामिला समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**७. माननीय सदस्यहरु,**

अब म विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

***(प्रतिबेदन प्रस्तुत गरेपछि)***

**८. माननीय सदस्यहरु,**

**"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथिको आजको कार्यवाही यही समाप्त हुन्छ ।

९. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्यर्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण ७ गते मंगलबार दिनको ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।